# IMPORTANT NEWS

Noticias importantes • Xov Xwm Tseem Ceeb • གལ་ཆེའི་གསར་འགྱུར། • 重要新闻 • महत्त्वपूर्ण समाचार

मार्च १४, २०२४

नेपाली / *NEPALI*

**UW–Madison ले २०२३-२०२४ सालको तलब रणनीति टुङ्ग्यायो**

*UW–Madison* का नेतृत्वले वित्तिय साल २०२३-२०२४ को तलब रणनीति स्वीकार गरेको छ। तलब रणनीतिमा केन्द्रिय कोषबाट कर्मचारी र संकायलाई पुरस्कृत गर्न र बजार-सूचित तलबका समस्याहरूलाई सम्बोधन गर्न $२३.९५ मिलियन डलर छुट्ट्याउने कुरा समावेश छ।

चुनिएका युनिभर्सिटी कर्मचारीहरूले कार्यप्रदर्शन, बजार डाटा वा काममा कायम राख्ने आधारमा आफ्नो आधारभूत तलबमा थप तलब पाउनेछन्। थप रूपमा, कामको अपेक्षाभन्दा अझै राम्रो गरेका केही युनिभर्सिटी कर्मचारीहरूले एकपटकको, एकमुष्ट कार्यसम्पादन बोनस पाउनेछन्। सबै आधारभूत तलब समायोजन र कार्यसम्पादन बोनसहरू २०२४ सालको जुन महिनाको अन्त्यमा लागू गरिनुपर्दछ।

तलब कार्यक्रमहरूमा केही शैक्षिक कर्मचारीहरूका, सीमित नियुक्ति र संकायका लागि एकपटकको कार्यसम्पादन बोनसहरू र केही संकायका लागि आधारभूत तलबमा थप तलब प्रदान गर्ने कुरा पनि समावेश छन्।

हरेक स्कूल, कलेज, वा विभागलाई कर्मचारी योग्यता र केन्द्रिय तलब कोषको वितरणसँग सम्बन्धित प्रक्रियाहरू समीक्षा गर्न र सो जानकारी आफ्ना युनिटका कर्मचारीहरूसँग साझा गर्न बताइएको छ। आधारभूत तलब समायोजन वा एकपटकको कार्यसम्पादन बोनस पाउन कर्मचारीहरूले निश्चित योग्यता मापदण्डहरू पूरा गर्नुपर्दछ। उपलब्ध हुने बित्तिकै कर्मचारीहरूलाई थप जानकारी प्रदान गरिनेछ। यदि तपाईंसँग केही प्रश्नहरू छन् भने कृपया आफ्नो सुपरभाईजर वा आफ्नो युनिटको मानव संसाधन विभागसँग कुराकानी गर्नुहोला।